# नमूना बस्तीमा नमूना कृषि आय आर्जन कार्यक्रम कार्यविधि, २०७६

प्रदेश सरकार

प्रदेश नं.३

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

हेटौंडा, मकवानपुर

# नमूना बस्तीमा नमूना कृषि आय आर्जन कार्यक्रम कार्यविधि, २०७६

प्रस्तावना: प्राकृतिक श्रोत साधन, सुन्दरता र विविधतायुक्त सम्पदाले धनी नेपालका नमूना वस्ती र स्थानहरुमा आयमूलक कृषि कार्यक्रमको माध्यमबाट ग्रामिण कृषकहरुको आयस्तरमा वृद्धि गरी रोजगारीका थप अवसरहरुको सिर्जना गर्दै गरिवी निवारणमा टेवा पुर्याउने उद्वेश्यले प्रदेशका नमूना वस्तीहरुको पहिचान गरी कृषि आयआर्जन कार्यक्रम संचालन गर्न वाञ्छनीय भएकोले मन्त्रालयले "नमूना वस्तीमा नमूना कृषि आय आर्जन कार्यक्रम कार्यविधि २०७६" स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस कार्यविधिको नाम "नमूना बस्तीमा नमूना कृषि आय आर्जन कार्यक्रम कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा: बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "नमूना बस्ती" भन्नाले सांस्कृतिक, सामाजिक, आर्थिक र पर्यावरणीय दृष्टिकोणले भिन्न पहिचान बोकेको ग्रामिण तथा सहरी क्षेत्रको कुनै एक गाउँ वा मानव बस्तीलाई सम्झनु पर्दछ ।

(ख) "साझेदार संस्था" भन्नाले यस कार्यक्रम संचालन गर्नका लागि छनोट भएका नमूना बस्तीको प्रवर्धनमा संलग्न प्रचलित नियम कानून अनुसार दर्ता भएका समूह, समिति, सहकारी, सामुदायिक तथा सामाजिक संघ संस्थालाइ सम्झनुपर्दछ ।

(ग) "प्रस्ताव" भन्नाले नमूना बस्तीमा नमूना कृषि आयआर्जन कार्यक्रम संचालनका लागि प्राविधिक सहयोग र अनुदान प्राप्त गर्न पेश गरेको आवेदन तथा व्यवसायिक योजना सम्झनु पर्दछ ।

(घ) "प्रोत्साहन अनुदान" भन्नाले दफा १० मा उल्लेख भए अनुसारको कार्यक्रम संचालनको लागि उपलब्ध गराइने प्राविधिक र आर्थिक साझेदारीलाई सम्झनुपर्दछ ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेश नं. ३ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(च) "निर्देशनालय" भन्नाले प्रदेश नं. ३ को कृषि विकास निर्देशनालय सम्झनु पर्छ।

(छ) "केन्द्र" भन्नाले प्रदेश नं. ३ को कृषि ज्ञान केन्द्र वा फार्म केन्द्रलाई सम्झनु पर्छ।

(ज) "मुल्यांकन समिति" भन्नाले यस कार्यविधिको दफा ४ को उपदफा (१) अनुसार गठित समिति सम्झनु पर्छ ।

(झ) **"स्थानीय तह"**भन्नाले प्रदेश नं. ३ को गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

(ञ) **"कार्यक्रम"** भन्नाले स्वीकृत बार्षिक कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(ट) **"प्रदेश"** भन्नाले प्रदेश नं. ३ सम्झनु पर्छ ।

३. **उद्धेश्यः यस कार्यविधिको उद्देश्य देहाय वमोजिम हुनेछ :**

(क) नमूना वस्तीको पहिचान गरि संरक्षण र प्रबर्धन गर्ने,

(ख) दिगो कृषि प्रणालीको माध्ममबाट कृषि उपजलाइ मूख्य आय श्रोतको केन्द्र विन्दु मानेर कार्यक्रम संचालन गर्ने,

(ग) नमूना कृषि कार्यक्रम मार्फत कृषकको आय वृद्धि गर्ने तथा ग्रामिण क्षेत्रमा बजार विस्तार गरी कृषिमा रोजगारीको अवसर सृजना गर्ने,

(घ) रैथाने बालीहरुको संरक्षण र सम्बर्धन गर्दै प्राङ्गारिक तथा उच्च मूल्यका कृषि वस्तुको व्यवसायिक उत्पादनमा जोड दिने,

(ङ) कृषि पर्यटनको विकास तथा प्रवर्धन गरी ग्रामिण अर्थतन्त्रलाई सवल बनाउने,

(च) दिगो कृषि मार्फत वातावरण तथा मौलिक संस्कृतिको सम्वर्धन र उपयोग गर्ने ।

## परिच्छेद- २

## संस्थागत व्यवस्था

४. **मूल्याङ्कन समितिः**(१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतिका लागि सिफारीस गर्न तपशिल बमोजिमको मूल्याङ्कन समिति रहनेछः-

| | |
|---|---|
| (क) कार्यक्रम संचालन गर्ने निकायका प्रमुख | -संयोजक |
| (ख) अधिकृतस्तर प्रतिनिधि कृषि विकास निर्देशनालय | -सदस्य |
| (ग) कृषि ज्ञान केन्द्र वा फार्म केन्द्रकोप्रमुख/प्रतिनिधीसदस्य | -सदस्य |
| (घ) सम्बन्धित निकायको लेखा प्रमुख | -सदस्य |
| (ङ) सम्बन्धित निकायको बागबानी बिकास अधिकृत/योजना अधिकृत | -सदस्य-सचिव |

यस समितिले उपयुक्त देखेको अन्य पदाधिकारी वा व्यक्तिलाइ पनि बैठकमा आमन्त्रित गर्न सक्ने छ।

(२) उपदफा (१) वमोजिमको मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस कार्यविधि अनुरुप मूल्याङ्कन समितिले संभावित नमूना वस्ती र प्रवर्धन गर्ने कृषि उपजहरु पहिचान गरी कार्यालयमा स्वीकृतिको लागि पेश गर्ने ।

(ख) नमूना बस्तीमा नमूना कृषि आय आर्जन कार्यक्रम संचालन गर्न साझेदार संस्थाबाट प्रस्ताव माग गर्ने ।

(ग) कार्यविधि अनुरुप प्राप्त प्रस्तावहरुको अनुसूची-५ बमोजीमका आधारहरुमा अध्ययन, स्थलगत निरीक्षण र मूल्यांकन गरी स्वीकृतको लागि कार्यालयमा पेश गर्ने ।

(घ) सँचालित कार्यको अनुगमन गरि कार्यान्वयनका सम्बन्धमा मार्गदर्शन दिने ।

(ङ) अनुदान रकमको हिसाब पेश नगर्ने वा सदुपयोग नगर्ने अनुदानग्राहीलाइ कारबाहीका लागि सिफारिश गर्ने ।

(च) यस कार्यविधि अनुरुप अनुदान सम्बन्धी नीति, निर्णय र आएका समस्या निराकरण गर्ने ।

(छ) मूल्याङ्कन समितिले आवश्यकता अनुसार मूल्याङ्कन तथा अन्य मापदण्डहरु तयार गरी स्वीकृतिका लागि कार्यालयमा पेश गर्ने ।

## परिच्छेद- ३

## कार्यक्रम सञ्चालन

५. **कार्यविधि लागु हुने स्थानहरु:** यो कार्यविधि प्रदेश नं. ३ मा लागु हुनेछ । तर यस कार्यविधिलाई आधार मानी सूचना प्रवाह गर्दा कार्यालयले जुन जुन जिल्लाहरु वा स्थानीय तहहरु उल्लेख भइ प्रस्ताव आव्हान हुन्छ तिनै जिल्लाहरु वा स्थानीय तहहरुमा लागू भएको मानिनेछ ।

६. **प्रस्ताव आव्हान:** दफा ४ (१) बमोजिम गठन भएको मूल्याङ्कन समितिले तोकेको नमूना बस्तीमा नमूना कृषि आयआर्जन कार्यक्रम संचालन गर्न साझेदार संस्थाबाट प्रस्ताव माग गर्नु पर्दछ। मूल्याङ्कन समितिको सूचीलाइ आधार मानी केन्द्रले इच्छुक साझेदार संस्थाबाट अनुसूची-१ बमोजिमको ढाँचामा न्युनतम सात दिने म्याद दिई प्रस्ताव पेश गर्न सूचना गर्नु पर्नेछ र सोही अवधिमा इच्छुक साझेदार संस्थाले अनुसूचीमा तोकिएका कागजात सहित केन्द्रमा निवेदन र प्रस्ताव दर्ता गर्नु पर्नेछ। निवेदन र प्रस्तावको ढाँचा अनुसूची -२ र अनुसूची -३ मा उल्लेख भए बमोजिम हुनेछ।

७. **आवेदन दिन आवश्यक योग्यता:** (क)यस कार्यक्रम संचालन गर्न तोकिएको स्थान र कृषि उपजलाइ मूख्य आय श्रोतको केन्द्र विन्दु मानेर नमूना गाँउ/वस्तीको रुपमा पहिचान स्थापित भएको हुनु पर्दछ।

(ख) सामुहिक खेती, सहकारी खेती, चक्लाबन्दीमा आधारित खेती जस्ता नमूना योग्य कृषि कार्यको शुरुवात भएको वा शुरुवात गर्ने प्रतिबद्धता भएको हुनु पर्ने छ ।

(ग) यस कार्यक्रम संचालन गर्न आवेदन दिंदा तोकिएको वस्तिमा कम्तिमा २५ घरधुरीलाई अनिवार्य समेटेर प्रस्ताव तयार गर्नु पर्नेछ ।

(घ) आवेदकले यो कार्यक्रम कार्यान्वयन हुने क्षेत्रमा कानूनत दर्ता भइ कार्यरत नरहेको अवस्थामा सूचना प्रवाह पश्चात पनि केन्द्रमा दर्ता गरि आवेदन दिन सक्नेछन् ।

(ङ) आवेदकले नमूना बस्तीमा नमूना कृषि आय आर्जन कार्यक्रम संचालनका लागि उक्त क्षेत्रमा सचिवालयका रुपमा कार्य गर्नुपर्नेछ भने आवद्ध घर धुरीहरुमा व्यवस्थित रूपमा परिचालन, नियमन, अनुगमन तथा समन्वय गर्नु पर्नेछ ।

(च) अनुसूची-३ मा उल्लेख भए अनुसारको व्यवसायिक योजना प्रस्ताव पेश गरेको हुनुपर्नेछ ।

८. <u>प्रस्तावको जानकारीः</u> केन्द्रले स्वीकृत गरेका प्रस्तावको जानकारी सम्बन्धित साझेदार संस्थाहरुलाई निर्णय भएको मितिले ७ दिन भित्र गराउनु पर्नेछ ।

९. <u>सम्झौताः</u> (१) छनौट भएका साझेदार संस्थाहरुलाई सम्बन्धित कार्यक्रम संचालन गर्ने केन्द्रले सम्झौता गर्न आउन सात दिनको समयावधि दिई जानकारी गराउनु पर्छ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र आउने साझेदार संस्थासँग सम्बन्धित केन्द्रले अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समयसीमा भित्र सम्झौता गर्न नआउने साझेदारको स्वतः छनौट रद्द भएको मानि दोस्रो प्राथमिकता प्राप्त साझेदारलाई छनौट गर्न बाधा पुगेको मानिने छैन ।

१०.<u>सन्चालन गर्न सकिने कृयाकलापहरुः</u>

(क) कृषि उपज तथा पशुपंछी उत्पादनः स्थान विशेष नमूना कृषि कार्यक्रम संचालनको लागि दिगो कृषि प्रणालीमा आधारित बिभिन्न कृषि जन्य वालीहरुको व्यवसायिक उत्पादन,सकेसम्म विषादी रहित वा आइ पि एम पद्धतिबाट उत्पादन प्रवर्धनका लागि क्षमता अभिवृद्धि तालिम, विउ विजन तथा अन्य कृषि सामग्रीमा सहयोग, बर्षाको पानी संकलन, जैविक विषादी तयारी, गोठ सुधार जस्ता क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

(ख) कृषि उपजको बजार व्यवस्थापनः कृषि उपज तथा स्थानीय परिकारहरुको प्रवर्धन, स्थानीय वालीहरुको प्रशोधन, प्याकेजिङ्ग तथा बजार व्यवस्थापन जस्ता कृषकको आय वृद्धि गर्ने तथा ग्रामिण क्षेत्रमा कृषिबाट रोजगारीको अवसर सृजना गर्ने क्रियाकलापहरु संचालन गर्न सकिनेछ । ।

(ग) सिंचाइ व्यवस्थापनः बिभिन्न कृषि जन्य वालीहरुको व्यवसायिक उत्पादनको लागि सिंचाइ व्यवस्थापन कार्य जस्तैः सिंचाइ पोखरी, कुलो निर्माण तथा मर्मत सुधार, सिंचाइ पाइप जडानजस्ता क्रियाकलपहरु संचालन गर्न सकिनेछ ।

(घ) नमूना बस्तीप्रवर्धन गरिने स्थानको वातावरण सुधार तथा सौन्दर्यिकरणः यस अन्तर्गत फलफूल रोपण, फूल रोपण तथा सौन्दर्यिकरण, जैविक झल्कने पार्कहरुको बिकास तथा सुधार, घर वस्ती सुधारजस्ता क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

(ङ) पहुँच सडक र आवास सुधारः यस अन्तर्गत मुख्य सडकसँग सहज पहुँचका लागि पहुँच सडकको स्तरोन्नती, ढल निकास, सडक बत्ती (सौर्य) जडान, प्रवेश द्वार वा स्वागत द्वार र संलग्न कृषक घरधुरीको आवास सुधार (आन्तरिक र वाह्य) जस्ता क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

(च) फोहर व्यवस्थापन र कम्पोस्ट मल उत्पादनः यस अन्तर्गत कुहिने र नकुहिने फोहर व्यवस्थापनका लागि डस्ट विन, कम्पोष्ट खाडल निर्माण, भकारो सुधार, भर्मिकम्पोष्टिङ्ग जस्ता क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

(छ) कृषि सम्बन्धी दिवस/मेला/महोत्सवसंचालन गर्नेः कृषि, खाद्य, संस्कृति तथा वातावरणजन्य दिवस (जस्तैः कृषि मेला, रोपाईं महोत्सव, खाद्य परिकार मेला आदि) समारोह संचालन गर्नेजस्ता क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

(ज) प्रचार प्रसार तथा क्षमता अभिवृद्धिः स्थानीय संचार माध्यमबाट प्रचारात्मक सामग्री तयार गरी प्रसारण गर्ने तथा कृषिपर्यटनको लागि आधार तयार पार्ने क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

(झ) स्थानीय ज्ञान, शिप तथा आधुनिक कृषि,पशुपंछी उत्पादन प्रविधि प्रसार गर्नेः स्थानीय ज्ञान, शिप तथा आधुनिक कृषि, पशुपंछी उत्पादन प्रविधि प्रसार गर्नका लागि विभिन्न स्तरका तालिम, गोष्ठी, भ्रमण जस्ता क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

(ञ) दफा १०(क-झ) मा राखिएका क्रियाकलापहरु मध्ये उपयुक्त क्रियाकलापहरु अनुसूची-३ अनुसारको कार्य योजनामा अनिवार्य रुपले राखी बजेट विनियोजन गर्नुपर्नेछ साथै माथि उल्लेखीत कृयाकलापहरुको अलावा कुनै सिर्जनात्मक तथा नविन कृयाकलाप समेत प्रस्ताव गर्न सकिनेछ ।

## परिच्छेद-४

## अनुदान रकम स्वीकृत, अनुदान रकम प्रवाह तथा खर्च गर्ने विधि

११. नमूना वस्तीमा नमूना कृषि आय आर्जन कार्यक्रमका लागि सहयोगी हुने क्रियाकलापहरु संचालनका लागि सम्बन्धित केन्द्रले अनुदान स्वीकृती दिनेछ ।

१२. प्रस्तावमा उल्लेख र स्वीकृति भएको रकमको शत प्रतिशत अनुदान उपलव्ध गराइनेछ र तत्सम्बन्धी थप प्रबर्धन कार्यक्रमको लागि आवश्यक रकम सम्बन्धित साझेदार संस्थाले लगानी गर्नु पर्नेछ ।अनुदान रकमबाट ३ प्रतिशत रकम नबढ्ने गरी कार्यक्रम संचालन र व्यवस्थापन खर्च वापत राखिनेछ र सो रकम सूचना प्रकाशन, स्टेशनरी, प्रस्तावहरुको स्थलगत निरीक्षण एवं प्रमाणिकरण, अनुगमन खर्च बैठक भत्ता, अभिमुखीकरण आदिमा खर्च गरिनेछ ।

१३. अनुदान प्रवाह अधिकतम ३ किस्तामा उपलब्ध गराइनेछ ।प्रत्येक किस्ता अनुदान रकम एकाउण्ट पेयी चेक मार्फत उपलव्ध गराइनेछ ।

१४. सम्झौता अनुरुपको कार्य शुरुवात भएको प्राविधिको सिफारिसको आधारमा प्रथम किस्ता २० प्रतिशत, सम्झौता अनुसार कार्य सम्पन्न भएको कृयाकलापहरुको लागि ३० प्रतिशत तथा वार्षिक कार्ययोजना सम्पन्न भएको प्रतिवेदनको आधारमा ५० प्रतिशत रकम उपलव्ध गराइनेछ।

१५. अनुदानग्राहीले पालना गर्नुपर्ने अन्य शर्तहरुः

(क) अनुदानग्राहीले यस कार्यविधि अनुसार संचालन हुने कामको विवरण, लागत, सम्पन्न अवधि इत्यादीको होर्डिङ बोर्ड निर्माण स्थलमा राख्नु पर्नेछ ।

(ख) कार्य सन्चालनका क्रममा मन्त्रालय वा अन्तर्गतका निकायबाट दिएको निर्देशन पालना गर्नुपर्नेछ ।

(ग) प्रदेश सरकार वा सम्बन्धितनिकायले चाहेमा जुनसुकै बखत कार्यक्रम संचालनको हिसाव हेर्न सक्नेछ । हिसाव देखाउनु सम्बन्धित साझेदारको दायित्व हुनेछ ।

## परिच्छेद-५

## अनुगमन

१६ . अनुगमन व्यवस्थाः (१) नमूना बस्तीमा नमूना कृषि आयआर्जन कार्यक्रमसम्बन्धी कार्यको अनुगमन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्र, कृषि फार्म केन्द्र र मूल्याङ्कन समितिले संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै गर्नेछन्।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशन लिखित अभिलेख/प्रतिवेदन साझेदार संस्थाले सुरक्षित राख्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम भएको अनुगमन गर्दा दिईएको निर्देशन साझेदार संस्थाले पालना गर्नुपर्नेछ ।

१७. कारवाहीको व्यवस्थाः सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई प्रचलित कानून अनुसार मन्त्रालयले कार्यक्रम सञ्चालन गर्ने निकायको सिफारिसमा कारवाही गर्नेछ।

१८. खारेजी एवं संसोधनः यो कार्यविधि मन्त्रालयले आवश्यकता अनुसार संशोधन तथा खारेजी गर्न सक्नेछ।

## परिच्छेद-६

## विविध

१९. यस कार्यविधिमा उल्लेख नभएका विषय प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची-१

(दफा ६ संग सम्बन्धित)

<u>नमूना बस्तीमा नमूना कृषि आयआर्जन कार्यक्रम संचालनका लागि प्रस्ताव माग</u>

यस कार्यालयको आर्थिक बर्ष.........को बार्षिक स्वीकृत कार्यक्रम अनुसार निम्नानुसारका स्थानहरुमा नमूना बस्तीमा नमूना कृषि आयआर्जन कार्यक्रम संचालन गरी ग्रामिण कृषकहरुको आयस्तर बृद्धि तथा ग्रामिण रोजगारी सृजना गरी गरिवी निवारणमा टेवा पुर्याउनका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा इच्छुक(आवेदकको नाम तथा ठेगाना) ........................... लाई ७ दिनभित्र नमूना बस्तीमा नमूना कृषि आयआर्जन कार्यक्रम कार्यविधि, २०७६ को अनुसूची-२ अनुसारको कागजातहरु एवं अनुसूची-३ अनुसारको व्यवसायिक प्रस्ताव सहित आवेदन दर्ताका लागि सूचना गरिएको छ । यस सम्बन्धी कार्यविधि यस कार्यालयको वेबसाइट ....................मा वा सम्बन्धित कृषि ज्ञान केन्द्र वा फार्म केन्द्रमा सम्पर्क गर्न सक्नुहुनेछ ।

प्रदेश सरकार
कृषि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

| |
|---|
| रु. १० को टिकट |

अनुसूची-२

(दफा ६ संग सम्बन्धित)

**<u>आवेदन फाराम</u>**

श्रीमान् प्रमुख ज्यू मितिः

कृषि ज्ञान/फार्म केन्द्र.......... ।

विषयः नमूना बस्तीमा नमूना कृषि आय आर्जन कार्यक्रमका लागि अनुदान सम्बन्धमा ।

महोदय,

प्रस्तुत् विषयमा तहाँ केन्द्रबाट सूचना भए अनुसार नमूना बस्तीमा नमूना कृषि आय आर्जन कार्यक्रम संचालन गर्नका लागि (आवेदकको नाम तथा ठेगाना) ...........................ले व्यवसायिक योजना तथा अनुसूचीहरुमा उल्लेख भए बमोजिम क्रियाकलापका लागि जम्मा रकम रु.................(अक्षरेपी रु....................................) को योजना तयार गरी आवश्यक अन्य कागजातहरु सहित अनुदान सहयोगको लागि पेश गरेको व्यहोरा अनुरोध गर्दछु । योजनामा उल्लेख भएको कूल बजेट मध्ये तहाँबाट नियमानुसार उपलब्ध हने अनुदान रकम रु..........(अक्षरेपी रु ..............) बाहेकका अन्य रकम (आवेदकको नाम) .........................ले नगद तथा जिन्सी एवं श्रमदान गरी रु.........................(अक्षेरेपी रु.................) बराबरको योगदान गर्न सहमत रहेको हुँदा तहाँ मन्त्रालयबाट संचालित यस कार्यक्रममा छनौट गरि पाउँ भनी अनुरोध छ । साथै आवश्यक कागजातहरु यसै निवेदनसाथ संलग्न राखी पेश गरेको व्यहोरा अनुरोध छ ।

**संलग्न कागजातहरुः**

१. रु.१० को टिकट टाँसेको अनुसूची-२ अनुसारको निवेदन
२. दर्ता, नविकरण, कर चुक्ता, स्थायी लेखा नम्बर तथा परीक्षण प्रतिवेदनको प्रतिलिपी ।
३. नमूना बस्तीमा नमूना कृषि आयआर्जन कार्यक्रममा आवद्ध हुने घरधुरीको नाम, परिवार संख्या, जमिनको क्षेत्रफल, लगाइने कृषि वाली वा पशुपंक्षी सम्बन्धी विवरण सहितको प्रोफाइल
४. नमूना बस्तीमा नमूना कृषि आयआर्जन कार्यक्रमको लागि क्रियाकलाप सहितको अनुसूची-३ अनुसारको योजना
५. आवेदकसंग रहेको नगद मौज्दातको प्रमाण र लगानीका श्रोतहरुको आधार ।
६. प्रस्तावित स्थलको फोटो र प्रस्ताव मूल्याङ्कनलाई सहयोग हुने अन्य केही भए ।

निवेदकः
नामः
ठेगानाः
छापः

अनुसूची- ३

(दफा ६ संग सम्बन्धित)

कार्य योजना (प्रस्ताव) का संक्षिप्त ढाँचा

१. आवेदकको नाम र ठेगानाः

२. नमूना बस्तीमा नमूना कृषि आयआर्जन कार्यक्रम संचालन हुने स्थानको नामः

३. संचालन हुने स्थान र मुख्य बाटोको दुरी तथा बाटोको अबस्थाः

४. संचालन हुने स्थानमा उपलब्ध भौतिक सुविधाहरुः
(यसमा कार्यक्रम संचालन हुने स्थानमा उपलब्ध भौतिक सुबिधाहरु जस्तैः सडक, खानेपानी, विद्युत, टेलिफोन, सिंचाइ लगायतका अन्य सुविधाहरुको बारेमा उल्लेख गर्ने ।)

५. आवेदकसँग नमूना बस्तीमा नमूना कृषि आय आर्जन कार्यक्रम संचालन गर्नको लागि विद्यमान क्षमता
(यसमा आवेदकले नमूना बस्तीमा भएका क्षमता जस्ता कुराहरु उल्लेख गर्दै कति घरधुरी कृषकहरु कार्यक्रममा सहभागी हुनेछन् र ती कृषक घर धुरीमा नमूना कृषि आय आर्जन क्षमता छ सो को उल्लेख गर्ने ।)

६. आवेदकसंग नमूना कृषि आय आर्जन कार्यक्रमको संचालन तथा व्यवस्थापकीय जिम्मेवारी
(यसमा प्रस्तावित स्थानमा नमूना कृषि आय आर्जन कार्यक्रमको लागि प्रस्तावित कार्यक्रमहरु कसको नेतृत्वमा कसरी संचालन हुनेछन् र संलग्न घरधुरीहरु कसरी परिचालित हुनेछन् स्पष्ट खाका तथा मोडेलको बारेमा प्रष्ट पार्नुहोस्) ।

७. नमूना बस्तीमा नमूना कृषि आय आर्जन कार्यक्रमको लागि प्रस्तावित क्रियाकलापहरु तथा वजेट

| क्र.सं. | क्रियाकलापहरु* | इकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

*दफा १० मा उल्लेख भएका क्रियाकलापहरु मध्येका प्रस्तावित क्रियाकलापहरु अनिवार्य रुपमा प्रस्ताव गर्नुपर्नेछ । साथै नविन वा सिर्जनशील अन्य क्रियाकलाप समेत राख्न सकिनेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

८. क्रियाकलाप कार्यन्वयन कार्ययोजना

| क्रियाकलापहरु | महिना | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

९. नमूना बस्तीमा नमूना कृषि आय आर्जन कार्यक्रमका लागि प्रस्ताव गरिएका नविन एवं प्रभावकारी क्रियाकलाप तथा तिनले पार्ने प्रभाव

१०. भावी योजना तथा कार्य दिशा

आवेदकको
नामः
ठेगानाः
आवेदकको छापः
दस्तखतः
मितिः

नोटः प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा विस्तृत रुपमा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ ।

## अनुसूची-४

(दफा ९ को उपदफा (२) संग सम्बन्धित)

### सम्झौता-पत्र

१. यो सम्झौता-पत्र कृषि ज्ञान/फार्म केन्द्र (प्रथम पक्ष) र सम्बन्धीत साझेदार संस्था(दोस्रो पक्ष) बीच नमूना बस्तीमा नमूना कृषि आयआर्जन कार्यक्रमसंचालनका लागि प्रयोग हुनेछ ।

२. सम्झौता भएको मितिदेखि यस सम्झौता प्रारम्भ भएको मानिनेछ ।

३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए वमोजीमका कार्यहरु सम्झौता भएको मितिले ७ दिनभित्र शुरु गर्नुपर्नेछ ।

४. नमूना बस्तीमा नमूना कृषि आयआर्जन कार्यक्रमसंचालनका लागि प्रथम पक्षले दोस्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार ३ किस्तामा सम्झौता बमोजिमको रकम उपलब्ध गराउनु पर्नेछ । प्रथम किस्ता २० प्रतिशत, दोस्रो किस्ता ३० प्रतिशत र अन्तिम किस्ता सम्पूर्ण कार्य सकेपछि मूल्याङ्कन समितिको सिफारिसमा ५० प्रतिशत उपलब्ध गराइनेछ ।अनुदान रकम एकाउण्ट पेयी चेक मार्फत उपलब्ध गराइनेछ ।

५. अनुदान प्राप्त हुने रकमको अधिकतम २ प्रतिशतले हुने रकम रु.................................... व्यवस्थापन खर्च वापत पहिलो पक्षलेप्रयोग गर्नेछ ।

६. किस्ता भुक्तानी गर्दा मूल्याङकन समिति वा कार्यालयको सिफारिसको आधारमा रकम भुक्तानी गरिनेछ ।

७. किस्ता भुक्तानीका लागि बिल सहितको कार्य सम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षले प्रथम पक्षसंग अनुरोध गर्नु पर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा बिलहरु प्राप्त भएपछि स्थलगत निरीक्षण प्रतिवेदन तथा मूल्याङ्कन समितिको सिफारिसका आधारमा भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ ।

८. नमूना बस्तीमा नमूना कृषि आयआर्जन कार्यक्रम१ आ.व. भित्र सम्पन्न गर्नुपर्नेछ ।

९. दोस्रो पक्षले संचालित क्रियाकलापहरुको सार्वजनिक सुनुवाई गर्नुपर्नेछ ।

................................ ............................

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयको नाम र छापः | कार्यालयको नाम र छापः |

साक्षिहरु

अनुसूची-५

(दफा ४ को उपदफा २ छ संग सम्बन्धित)

नमूना बस्तीमा नमूना कृषि आयआर्जन कार्यक्रम संचालनका लागि अनुदान उपलब्ध गराउनका लागि प्रस्ताव मूल्याङ्कनको लागि मापदण्ड

पूर्णाङ्कः १००

१. नमूना बस्तीमा नमूना कृषि आयआर्जन कार्यक्रम संचालनका प्राकृतिक श्रोत (जमिन, जल, बन आदी) को उपलब्धता (२५ अंक)

(क) प्राकृतिक श्रोतहरुको प्रचुर उपलब्धता (२५ अंक)
(ख) प्राकृतिक श्रोतहरुको उपलब्धता न्यून (१५ अंक)
(ग) प्राकृतिक श्रोतहरुको उपलब्धता न्यून (० अंक)

२. भौतिक सुविधा (सडक, सिंचाई,विजुली, खानेपानी, टेलिफोन आदि) अवस्था (२५ अंक)

(क) सबै आधारभूत भौतिक सुविधा उपलब्ध (१५ अंक)
(ख) अपर्याप्त भौतिक सुविधा (१० अंक)
(ग) आधारभूत भौतिक सुविधा उपलब्ध नरहेको (० अंक)

३. प्रस्तावित नमूना एवं प्रभावकारी क्रियाकलापहरु (३५ अंक)

(क) नमूना योग्य एवं प्रभावकारी (२५ अंक)
(ख) सामान्य प्रभावकारी (१५ अंक)
(ग) नमूना योग्य एवं प्रभावकारी नदेखिएको (० अंक)

४. आवेदकले व्यहोर्ने आर्थिक श्रोतको सुनिश्चितता (१५ अंक)

(क) व्यहोर्न सक्ने श्रोत खुलेको (१५ अंक)
(ख) व्यहोर्न सक्ने सम्भावना देखिएको (१० अंक)
(ग) व्यहोर्न सक्ने सम्भावना नदेखिएको (० अंक)